





# नेपाल खाद्य सुरक्षा बुलेटिन

२०७४, अंक ५१

नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली
Nepal Khadhya Suraksha Anugaman Pranali (NeKSAP)
Nepal Food Security Monitoring System

## मुख्य बुँदाहरु र बर्तमान अवस्थाको संक्षेप

**यस अंकले चैत्र २०७३ देखि आषाढ २०७४ को अवधिलाई समेटेको छ, जुन आर्थिक वर्ष २०७३/७४ को तेस्रो त्रैमासिक अवधि हो (मध्य मार्च - मध्य जुलाई २०१७)।** यो बुलेटिन मुख्यत नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली (NeKSAP) अन्तर्गत ७५ मध्ये ७४ जिल्लाहरुमा भएका जिल्ला खाद्य सुरक्षा सञ्जालहरुको बैठकको नतिजामा आधारित छ। सामान्यतया यो अवधिमा खाद्य सुरक्षालाई असर पार्ने तत्वहरुमा हिउँदे बालीहरु (गहुँ, जौ) भित्र्याइएको अवस्था, बर्षे बालीहरु (धान, मकै) लगाइने र हुर्कने समय, र बर्षाका कारण पहाडी तथा हिमाली क्षेत्रहरुमा सडक र बाटोघाटोको आवागमनमा अवरोध र त्यसका कारण आपूर्ति श्रृंखलामा आउने व्यवधान आदि पर्दछन्।

**यस अवधिमा:**

- जिल्ला खाद्य सुरक्षा सञ्जाल गोरखाले ९ गा.वि.स.हरू (बिही, छेकम्पार, चुम्चेत, केरौजा, ल्हो, प्रोक, सामागाँउ, सिर्दिवास र उहिया) लाई उच्चतम् खाद्य असुरक्षित (चरण ३) अवस्थामा वर्गिकरण गर्दै अनुमानित २ हजार चार सय मानिसहरू उच्चतम् खाद्य असुरक्षित (चरण ३) अवस्थामा रहेका र उनीहरुलाई खाद्य तथा अन्य गैर खाद्य वस्तुहरुको परिपूर्तिको लागि मानवीय सहायताको आवश्यकता रहेको जनाए। जिल्ला खाद्य सुरक्षा सञ्जालले यस्तो अवस्था आउनुका मूख्य कारणको रुपमा बैशाख २०७२ मा गएको विनाशकारी भूकम्पको निरन्तरको प्रभाव र अन्य कारणहरु जस्तै धिमा गतिमा भइरहेको पुन:निर्माण, नाजुक वासस्थानहरु, सरसफाई र स्वास्थ्यको अवस्थालाई जनाए।
- जिल्ला खाद्य सुरक्षा सञ्जालहरूले १३ जिल्लाका १५८ गा.वि.स.हरू र न.पा.हरु लाई मध्यमस्तरीय खाद्य असुरक्षित (चरण २) अवस्थामा वर्गीकरण गरे। चरण २ मा वर्गिकृत धेरैजसो गा.वि.स.हरू मध्यमाञ्चल (५४ प्रतिशत) र मध्यपश्चिमाञ्चलका (३० प्रतिशत) हिमाली र पहाडी जिल्लाहरुमा रहेका छन्।
- भूकम्प प्रभावित जिल्लाहरुमा खाद्य सुरक्षा अवस्था विगत दुई बर्षको अवधिमा सुधार भएको छ। यस अवधिमा जिल्ला खाद्य सुरक्षा सञ्जालले कुनै पनि गा.वि.स.हरु लाई खाद्य असुरक्षाका दृष्टिकोणले गम्भिर खाद्य असुरक्षित (चरण-४) अवस्थामा वर्गिकरण गरेनन् भने उच्चतम् खाद्य असुरक्षित अवस्था (चरण-३) मा रहेका गा.वि.स.हरु को संख्या पनि घटेको जनाएका छन्। यद्यपि, गोरखा जिल्लाका केहि क्षेत्रहरुमा खाद्य असुरक्षा रहेको पाइयो। (माथि व्याख्या गरिएको अनुसार)
- मध्य तथा सुदूर पश्चिम क्षेत्रका केही जिल्लाहरुमा गत अनुगमन अवधि (मंसिर देखि फाल्गुण २०७३) को र गत सालको यही अनुगमन अवधि (चैत्र २०७२ देखि आषाढ २०७३) को तुलनामा यस अवधिमा खाद्य सुरक्षाको अवस्थामा सुधार भएको पाइएको छ। जिल्ला खाद्य सुरक्षा सञ्जालहरुले ज्येष्ठ र आषाढमा भित्र्याइएको हिउँदे बाली (गहुँ र जौ) का कारण खाद्य सुरक्षा अवस्थामा सुधार आएको जनाएका छन्।
- नेपाल राष्ट्र बैंकका अनुसार, २०७४ आषाढको सालवसाली उपभोक्ता मूल्य सूचकाङ्क २.७ प्रतिशत रहेको पाइयो। उच्चतम वृद्धिका साथ चिनी र चिनीजन्य उत्पादन उप समूह भने २०७४ आषाढमा ७.९ प्रतिशत रहेको पाइयो। मंसिर–फाल्गुणको २०७३ को तुलनामा मोटा चामल र गहुँको मूल्य क्रमश: ४.७ प्रतिशत र २.३ प्रतिशतले वृद्धि भयो।

***नोट:*** *श्रावण २६–२९ मा भएको भारी बर्षाका कारण देशव्यापी रुपमा खासगरी दक्षिणी तराई समतल क्षेत्रमा ठूलो बाढी आयो। NeKSAP ले ७२ घण्टे लेखाजोखा विधि प्रयोग गरी प्रभाव आंकलन गर्‍यो र जिल्ला खाद्य सुरक्षा सञ्जालको तदर्थ बैठक संचालन गरि खाद्य सुरक्षा अवस्थाको विस्तृत अध्ययन गर्‍यो। जिल्ला खाद्य सुरक्षा सञ्जालको तदर्थ बैठकको नतिजा अलग्गै संप्रेषण गरिनेछ।*

## हालको खाद्य सुरक्षा अवस्था र पूर्वानुमान

| खाद्य सुरक्षा समूह (Cluster) | हालको अवधि: चैत्र २०७३- आषाढ २०७४ | मंसिर-फाल्गुण २०७३ को तुलनामा परिवर्तन | पूर्वानुमान: श्रावण - कार्तिक २०७४ |
|---|---|---|---|
| कर्णाली | | ↑ | ↓ |
| सुदूरपश्चिमी पहाडी तथा हिमाली क्षेत्र | | ↑ | → |
| राप्ती-भेरी पहाडी क्षेत्र | | → | → |
| पश्चिमी तराई | | → | → |
| मध्य र पूर्वी तराई | | → | → |
| पश्चिमपहाडी तथा हिमाली क्षेत्र | | → | ↑ |
| मध्यपहाडी तथा हिमाली क्षेत्र | | ↑ | ↓ |
| पूर्वीपहाडी तथा हिमाली क्षेत्र | | → | → |

- न्यूनतम खाद्य असुरक्षित
- मध्यमस्तरीय खाद्य असुरक्षित
- उच्चतम खाद्य असुरक्षित
- गम्भिर खाद्य असुरक्षित
- मानवीय आपतकालीन अवस्था

**परिवर्तन/पूर्वानुमान**

- ↓ बिग्रने
- → यथावत रहने
- ↑ सुधार हुने

समग्रमा, जिल्ला खाद्य सुरक्षा सञ्जालहरुले गत अनुगमन अवधि (मंसिर देखि फाल्गुण २०७३) र गत साल (चैत्र २०७२ देखि असार २०७३) को अवधिको तुलनामा यस अवधिमा खाद्य सुरक्षा अवस्थामा सुधार आएको जनाएका छन्। जिल्ला खाद्य सुरक्षा सञ्जालहरुले मध्य तथा सुदूरपश्चिमी पहाडी र हिमाली क्षेत्रहरुमा उल्लेख्य सुधार आएको जनाए, जहाँ २०७२ को बाली उत्पादनमा गिरावट र २०७२/७३ को गम्भिर हिउँदे खडेरीका कारण खाद्य सुरक्षाको अवस्था खस्केको थियो।

जिल्ला खाद्य सुरक्षा सञ्जालहरुले हालको सुधारको लागि ज्येष्ठ/आषाढ महिनामा भित्र्याइएको हिउँदे बालीहरु (गहुँ, जौ र आलु) लाई जिम्मेवार ठहराएका छन्। भूकम्प प्रभावित जिल्लाहरुमा भने हिउँदे बालीहरुको उत्पादन, पूननिर्माण सहायता र सडक र बजारको सुचारु सञ्चालनले गर्दा खाद्य सुरक्षा अवस्थामा सुधार आएको छ।

समग्रमा गोरखा जिल्लाको जिल्ला खाद्य सुरक्षा सञ्जालले ९ गाविसहरूलाई उच्चतम् खाद्य असुरक्षित (चरण ३) अवस्थामा वर्गिकरण गरी अनुमानित २,४०० मानिसहरू प्रभावित रहेको जनाए। साथै जिल्ला खाद्य सुरक्षा सञ्जालहरूले १३ जिल्लाका थप १५८ गाविसहरू र नगरपालिकाहरुलाई मध्यमस्तरीय खाद्य असुरक्षित (चरण २) अवस्थामा वर्गीकरण गरे।

आगामी चार महिनाको अवधि (श्रावण देखि कार्तिक २०७४) मा खाद्य सुरक्षा अवस्था केही खस्कने सक्ने अनुमान रहेको छ। जिल्ला खाद्य सुरक्षा सञ्जालहरुले जनाए अनुसार श्रावण देखि कार्तिक २०७४ सम्मको अवधिमा कुनै पनि गाविसहरु गम्भिर खाद्य असुरक्षित (चरण ४) अवस्थामा वर्गिकृत हुने छैनन् र उच्चतम खाद्य असुरक्षित (चरण ३) अवस्थामा रहेका गाविसहरुको संख्या ९ बाट बढेर ३७ पुग्नेछ भने मध्यमस्तरीय खाद्य असुरक्षित (चरण २) अवस्थामा रहेका गाविसहरु १५८ बाट घटेर १५० पुग्नेछ।

नेपाल खाद्य सुरक्षा बुलेटिन कृषि विकास मन्त्रालय, खाद्य सुरक्षा अनुगमन इकाई र विश्व खाद्य कार्यक्रम, खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण इकाईको संयुक्त तत्वावधानमा प्रकाशित हुन्छ।

नक्सा १: खाद्य सुरक्षा चरण वर्गिकरण नक्सा, चैत्र २०७३ देखि आषाढ २०७४

स्रोत: NeKSAP जिल्ला खाद्य सुरक्षा सञ्जालहरु, आषाढ २०७४




*खाद्य सुरक्षा नक्साहरु NeKSAP को वेबसाइटमा उपलब्ध छन्:* www.neksap.org.np/food-security-phase-classification-maps (Source: DFSN)

# नेपाल खाद्य सुरक्षा बुलेटिन - अंक ५१

## *वर्तमान खाद्य असुरक्षित क्षेत्रहरु र खाद्य सुरक्षा पूर्वानुमान*

जुलाई २०१७ मा बसेको जिल्ला खाद्य सुरक्षा सञ्जालका बैठकहरुले गत अनुगमन अवधि (मंसिर देखि फाल्गुण) र गत बर्षको सोही अवधि (चैत्र २०७२ देखि आषाढ २०७३) को तुलनामा यस अवधि (चैत्र २०७३ देखि आषाढ २०७४) मा खाद्य सुरक्षाको अवस्थामा सुधार भएको जनाएका छन् ।

समग्रमा गोरखा जिल्लाको जिल्ला खाद्य सुरक्षा सञ्जालले ९ गाविसहरूलाई उच्चतम् खाद्य असुरक्षित (चरण ३) अवस्थामा वर्गिकरण गरी अनुमानित २,४०० मानिसहरू प्रभावित भएको र बाह्रय सहयोग आवश्यकता रहेको अनुमान गरेका छन् **(तालिका १ हेर्नुहोस्)** । चरण ३ त्यस्तो अवस्था हो जसमा सामान्य अवस्थाको भन्दा खाद्य उपभोग अभाव उच्च हुन्छ र घरधुरीहरुले न्यूनतम खाद्य वस्तुको आवश्यकता परिपूर्ति गर्नका लागि जीवनयापनका साधनहरु द्रुततर गतिमा नगुमाइ प्राप्त गर्न सक्दैनन् । जिल्ला खाद्य सुरक्षा सञ्जालहरुले १३ जिल्लाका थप १५८ गाविसहरुलाई मध्यमस्तरीय खाद्य असुरक्षित (चरण २) अवस्थामा वर्गिकरण गरेका छन् । चरण २ त्यस्तो अवस्था हो जहाँ घरधुरीले न्यूनतम आवश्यकीय खाद्य वस्तु परम्परागत निर्वाहपद्दती मार्फत प्राप्त गर्दछन् तर केही आवश्यकीय गैर खाद्य आवश्यकता प्राप्त गर्नका लागि भने घरधुरीहरुले पछि परिपूर्ती गर्न नसकिने खालका निर्वाहपद्दतीहरु अपनाउन पर्ने हुन्छ । नेपालको ७४ जिल्लामा विद्यमान रहेको वर्तमान खाद्य असुरक्षाको अवस्था/क्षेत्रहरु नक्सा १ मा हेर्न सकिन्छ ।

भूकम्प अति प्रभावित जिल्लाहरुमा जिल्ला खाद्य सुरक्षा सञ्जालहरुले बैशाख २०७२ पछिको अवस्थाको तुलनामा खाद्य सुरक्षा अवस्थामा क्रमिक रुपमा सुधार भएको जनाएका छन् । यस्ता सुधारका प्रमुख कारणहरुमा विप्रेषणको प्रवाह, मानवीय सहायता, बालीहरुको उत्पादन, बजार र आपूर्ति श्रृखलाको पून: संचालन, भूकम्पद्वारा क्षतिग्रस्त बाटोघाटो र पहुँच मार्गहरुको मर्मत एंव संचालन जस्ता कारणहरु लाई लिइएको छ । यद्यपि, केहि क्षेत्रहरु अझै पनि खाद्य असुरक्षित नै रहेका छन्, विशेष गरी ती स्थानहरु जुन भौगोलिक रुपमा दुर्गम छन् र जहाँ शुरुको क्षति अत्यधिक थियो र पूनर्स्थापनाका कार्यहरु पनि सुस्त गतिमा भएका छन् । जिल्ला खाद्य सुरक्षा सञ्जालहरुले हाल उच्चतम खाद्य असुरक्षित (चरण-३) अवस्थामा वर्गिकरण गरिएका गाविसहरुमा घरधुरीहरुमा खाद्य सञ्चयमा कमी, भौगोलिक विकटता, कमजोर आश्रयस्थल र खानेपानी र सरसफाईको पहुँचमा कमी जस्ता कारणलाई खाद्य असुरक्षाका कारणहरु ठानेका छन् ।

| प्रभावित गाविसहरु | चरण ३ | |
|---|---|---|
| | जम्मा जनसंख्या | चरण ३ बाट प्रभावित अनुमानित जनसंख्या |
| बिही | ५९२ | १०० |
| छेकम्पार | ९५१ | २०० |
| चुम्चेत | ८९७ | २०० |
| केरौजा | ३१४१ | ६०० |
| ल्हो | ६८७ | २०० |
| प्रोक | ५५६ | १०० |
| सामागाँउ, | ५८४ | १०० |
| सिर्दिवास | २,४२७ | ५०० |
| उहिया | १,८५७ | ४०० |
| **जम्मा** | **९,८३५** | **२,४००** |

तालिका १: उच्चतम खाद्य असुरक्षित (चरण ३) अवस्थामा वर्गिकृत गाविसहरुको संख्या र प्रभावित जनसंख्याहरु । (स्रोत: जिल्ला खाद्य सुरक्षा संजालहरु)

यस अवधिमा मध्य र सूदुरपश्चिम क्षेत्रहरुका धेरै जसो पहाडी र हिमाली जिल्लाहरुमा पनि खाद्य सुरक्षाको अवस्थामा सुधार भएको छ । जिल्ला खाद्य सुरक्षा सञ्जालहरुले खाद्य सुरक्षाको यो अवस्था आउनुमा ज्येष्ठ/आषाढ तिर भित्र्याइएको हिउँदे बालीहरु (गहुँ र जौ) को उत्पादनलाई जिम्मेवार ठानेका छन् । यो तथ्य स्मरणीय छ की माथि उल्लेखित धेरै जसो जिल्लाहरुमा २०७२ को बर्षे बाली उत्पादन कमजोर रहेकोथियो र २०७२/७३ को हिउँदे खडेरीका कारण धेरै गाविसहरु कार्तिक २०७२ देखि श्रावण २०७३ को अवधिमा उच्चतम खाद्य असुरक्षित अवस्थामा (चरण ३) वर्गिकृत भएका थिए । यसका साथै अन्नबाली उत्पादनको हिसाबले हिउँदे रिक्त अवस्थाका कारण हुम्ला, मुगु, कालिकोट र बाजुराका ३२ गाविसहरु मंसिर २०७३ देखि फाल्गुण २०७३ को अवधिमा उच्चतम खाद्य असुरक्षित अवस्थामा (चरण ३) वर्गिकृत भएका थिए ।

**खाद्य सुरक्षा पूर्वानुमान (श्रावण - कार्तिक २०७४)**

जिल्ला खाद्य सुरक्षा सञ्जालहरुले वर्तमान अवस्था र सम्भावित परिदृष्यका आधारमा आउँदो चार महिना (श्रावण देखि कार्तिक २०७४) को अवधिको खाद्य सुरक्षा अवस्थाको पूर्वानुमान गरेका छन् । समग्रमा जिल्ला खाद्य सुरक्षा सञ्जालहरुले श्रावण–कार्तिक २०७४ को अवधिमा विशेष गरी कालिकोट, हुम्ला, सिन्धुपाल्चोक, गोरखा र धादिङ्गका हिमाली क्षेत्रहरुमा खाद्य सुरक्षा अवस्था खस्कने अनुमान गरेका छन्, ।

बर्षे अन्नबाली (मकै र धान) क्रमश: भदौ र कार्तिक महिनामा भित्र्याइने छ । चैत्र/बैशाखमा भित्र्याइएको हिउँदे बालीको उत्पादन कम भएका घरधुरीहरुले यस अनुगमन अवधिको अन्त्य तिरै खाद्य संचितीमा आएको गिरावट व्यहोर्नु पर्नेछ । यो अवधिमा धान लगाउने समयमा अस्थिर र अपर्याप्त बर्षाका कारण धानको उत्पादनमा केही गिरावट आउने सम्भावना छ । धान बालीको पहिलो प्रारम्भिक उत्पादन पूर्वानुमान (श्रावण २३, २०७४) अनुसार ३६ लाख ६६ हजार पाँच सय सत्तरी मे.टन उत्पादन हुने देखिन्छ जुन २०७२/७३ को ५२ लाख २६ हजार छ सय सतचालिस मे.टन भन्दा ३० प्रतिशतले कमी हो ।

जिल्ला खाद्य सुरक्षा सञ्जालहरुले जनाए अनुसार, श्रावण देखि कार्तिक २०७४ को अवधिमा कुनै पनि गाविसहरु गम्भिर खाद्य असुरक्षित (चरण-४) को अवस्थामा वर्गिकृत हुने छैनन् भने उच्चतम खाद्य असुरक्षित (चरण-३) अवस्थामा रहेका गाविसहरुको संख्या ९ बाट बढेर ३७ पुग्नेछ र मध्यमस्तरीय खाद्य असुरक्षित (चरण २) अवस्थामा रहेका गाविसहरुको संख्या भने १५८ बाट १५० मा झर्नेछ । विस्तृत विवरण निम्नानुसार उल्लेख गरिएको छ:

- जिल्ला खाद्य सुरक्षा सञ्जालहरूले ५ जिल्लाका ३७ गाविसहरू (कालिकोटका ३, हुम्लाका १२, धादिङ्गका ५, सिन्धुपाल्चोकका ८ र गोरखाका ९) लाई उच्चतम् खाद्य असुरक्षित (चरण ३) अवस्थामा वर्गिकरण हुन सक्ने प्रक्षेपण गरेका छन् । यी मध्ये धेरै जसो गाविसहरू उच्च हिमाली र पहाडी क्षेत्रमा पर्दछन् जहाँ हिउँदे बालीहरुको संचिती रित्तिसकेको अवस्था छ र बर्षे बाली (मकै र धान) को उत्पादन भदौ र कार्तिकमा मात्र हुनेछ । सामान्यतया यस्ता उच्च पहाडी क्षेत्रहरुमा अन्नबालीहरुको उत्पादन न्यून हुने र घरधुरीहरुले श्रावण देखि भाद्रको समयमा खाद्यान्न अभावको सामना गर्नुपर्ने देखिन्छ । साथै मनसुनी बर्षाको समयमा पहाडी तथा हिमाली भेगमा कच्ची सडक र बाटाघाटाहरु पनि बिग्रने र पहिरोको कारण खाद्यान्न तथा अन्य अत्यावश्यक वस्तुहरुको आपूर्ति श्रृखंला समेतमा वाधा पर्ने र मूल्य वृद्दि हुने सम्भावना छ । त्यो क्षेत्रमा प्रभावित घरधुरीहरुले छाक छाड्ने, खाद्यान्न सापट र सानासाना वस्तुहरुको बेचविखन गरेर जिविकोपार्जन गर्ने छन् ।

- जिल्ला खाद्य सुरक्षा सञ्जालहरूले ९ जिल्लाका १५० गाविसहरुलाई (दोलखाका २४, नुवाकोटका २०, रामेछापका १२, रसुवाका २, सिन्धुपाल्चोकका २८, गोरखाका ९, कालिकोटका २७, हुम्लाका १५, र जाजरकोटका १३) मध्यमस्तरीय खाद्य असुरक्षित (चरण २) अवस्थामा वर्गीकरण हुन सक्ने अनुमान गरेका छन् ।

- जिल्ला खाद्य सुरक्षा सञ्जालहरूले ७४ जिल्लाका बाँकी गाविस/नगरपालिकाहरूलाई न्यूनतम खाद्य असुरक्षित (चरण १) अवस्थामा वर्गीकरण हुन सक्ने प्रक्षेपण गरेका छन् । ती क्षेत्रहरूमा घरधुरीहरुले हिउँदे बालीहरुको उत्पादनका कारण र बजारबाट खरिद गरी पर्याप्त खाद्य वस्तुको संचिती रहेको जनाएका छन् । भदौमा मकै भित्र्याए सँगै घरधुरीहरुमा थप खाद्य संचय हुने छ ।

# नेपाल खाद्य सुरक्षा बुलेटिन- अंक ५१

## *जानकारी , पृष्ठभूमि एवं जिल्लाका सूचना र सम्पर्कहरू*

### जानकारीहरु

- **NeKSAP जिल्ला खाद्य सुरक्षा सञ्जाल बैठकहरुः** कृषि विकास मन्त्रालयको आयोजनामा ज्येष्ठ–आषाढ २०७४ मा ७४ जिल्लामा (७५ मध्ये) जिल्ला खाद्य सुर-क्षा सञ्जालको आवधिक बैठक सम्पन्न भयो । प्रत्येक जिल्ला खाद्य सुरक्षा सञ्जालहरुले एकिकृत खाद्य सुरक्षा चरण वर्गिकरण तीव्र अथवा IPC-Acute विधिको प्रयोग गरी खाद्य सुरक्षा अवस्थाको विश्लेषण गरे । जिल्ला खाद्य सुरक्षा सञ्जालबाट प्राप्त नतिजाहरुलाई १८–२३ श्रावण २०७४ मा भएको कृषि विकास मन्त्रालयको नियमित क्षेत्रीय समिक्षा गोष्ठी मार्फत प्रमाणित गरियो ।

- **खाद्य सुरक्षा विश्लेषण तालिमः** विश्व खाद्य कार्यक्रम र कृषि विकास मन्त्रालयको आयोजनामा श्रावण २९, २०७४ मा एक दिने खाद्य सुरक्षा विश्लेषण तालिम सम्पन्न भयो । सो तालिममा कृषि विकास मन्त्रालय, केन्द्रिय तथ्याङ्क विभाग र स्वास्थ्य मन्त्रालयका १५ पदाधिकारीहरु को सहभागिता रहयो । तालिममा सहभागीहरुले घरधुरीहरुको तथ्याङ्कलाई आधारमानी खाद्य सुरक्षाको सूचकहरु जस्तै खाद्य उपभोग अंक (FCS) र खाद्यान्न विविधता सम्बन्धी जानकारीहरुको विश्लेषण गरे ।

- **CRAFT सम्बन्धी तालिमः** विश्व खाद्य कार्यक्रम र कृषि विकास मन्त्रालयको आयो जनामा ११–१३ श्रावण २०७४ मा तीन दिने CRAFT सम्बन्धी तालिम सञ्चालन भयो । सो तालिममा CBS, AFU, IAAS, NARC, NDRI, DHM, DOA/MOAD गरी १५ जनाको सहभागिता रहेको थियो ।

- **नव निर्वाचित नगरपालिकाका पदाधिकारीहरुलाई खाद्य सुरक्षा अनुगमन सम्बन्धी जानकारीः** विश्व खाद्य कार्यक्रम र कृषि विकास मन्त्रालयको तत्वावधनमा मकवानपुर र लमजुङ्ग जिल्लामाहरुमा नव निर्वाचित स्थानिय पदाधिकारीहरुलाई खाद्य सुरक्षा अनुगमन र खाद्य सुरक्षा प्रतिकार्य योजना सम्बन्धि अभिमुखिकरण कार्यक्रमको आयोजना गरियो । मेयर, उपमेयर, प्रमुख, उपप्रमुख र कार्यकारी अधिकारीहरु गरी जम्मा ५१ जना अधिकृतहरुको उपस्थिती रहेको अभिमुखीकरण कार्यक्रम लमजुङ्गमा श्रावण ८ र मकवानपुरमा श्रावण १२ मा सम्पन्न भएको थियो ।

### पृष्ठभूमिः

नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली, जिल्ला खाद्य सुरक्षा सञ्जाल सहित ७५ मध्ये ७४ जिल्लाहरुमा (काठमाडौं जिल्ला बाहेक) सञ्चालनमा रहेको छ । राष्ट्रिय योजना आयोगको रणनीतिक निर्देशनमा कृषि विकास मन्त्रालयले NeKSAP कार्यान्वयन गरिरहेको छ । संयुक्त अधिराज्य बेलायत (UK aid) सरकारको सहयोगमा विश्व खाद्य कार्यक्रमले हाल NeKSAP को लागि प्राविधिक सहयोग प्रदान गरिरहेको छ । थप साझेदार संस्थाहरूमा, केन्द्रीय तथ्याङ्क विभाग (CBS), खाद्य तथा कृषि संगठन (FAO), संयुक्त राष्ट्र संघिय बालकोष (UNICEF), अर्न्तराष्ट्रिय एकिकृत पर्वतिय विकास केन्द्र (ICIMOD) र CGIAR कृषि तथा जलवायु अनुसन्धान कार्यक्रम, कृषि तथा खाद्य सुरक्षा (CCAFS) रहेका छन् ।

जिल्ला खाद्य सुरक्षा सञ्जालहरूले NeKSAP एकिकृत खाद्य सुरक्षा चरण वर्गिकरण विधिको प्रयोग गरी प्रत्येक चौमासिकमा खाद्य असुरक्षाको गंभिरताको वर्गिकरण गरी कारणहरु पनि विश्लेषण गर्दछन् । बृहत प्रकोपका घटनाहरमा (जस्तैः २०७२ बैशाखको विनाशकारी भूकम्प पश्चात) तदर्थ बैठकहरु मार्फत पनि NeKSAP ले खाद्य सुरक्षा विश्लेषण गर्ने गर्दछ । खाद्य सुर-क्षा सम्बन्धी बृहत्तर जानकारीका लागि भने उपलब्ध सूचनाहरू सहित दीर्घकालिन खाद्य असुरक्षा, विपोषण (Undernutrition) र गरिबी सम्बन्धी जानकारी दिने श्रोत सामाग्रीहरू पनि अध्ययन गर्नु उपयुक्त हुन्छ, जस्तै 2016 Nepal Demographic and Health Survey (NDHS), 2010/11 Nepal Living Standard Survey (NLSS), 2014 Small Area Estimation of Food Insecurity and Undernutrition in Nepal, 2014 IPC Chronic Food Insecurity Analysis and 2014 Multiple Indicator Cluster Survey.

### जिल्ला खाद्य सुरक्षा जानकारी

नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली (NeKSAP) ले हाल नेपालभर ७४ जिल्लाहरुको नियमित अनुगमन गर्दछ । अनुगमनबाट प्राप्त यिनै सूचनाहरुले यस बुलेटिनका लागि सूचना सामग्री जुटाउँदछ । हरेक जिल्लाको पूर्ण खाद्य सुरक्षा बुलेटिन अनुरोध भएमा अंग्रेजी र नेपालीमा उपलब्ध गराइने छ ।

**समूह १. कर्णाली**
डोल्पा
हुम्ला
जुम्ला
कालिकोट
मुगु

**समूह २. सुदूरपश्चिमी पहाडी तथा हिमाली जिल्लाहरु**
अछाम
बझाङ
बाजुरा
बैतडी
डडेलधुरा
दार्चुला
डोटी

**समूह ३. राप्ती- भेरी पहाडी जिल्लाहरु**
दैलेख
जाजरकोट
प्यूठान
रोल्पा
रुकुम
सल्यान
सुर्खेत

**समूह ४. पश्चिमी तराई**
कञ्चनपुर
कैलाली
बर्दिया
बाँके
दाङ
कपिलवस्तु
रुपन्देही

**समूह ५. मध्य तथा पूर्वी तराई**
नवलपरासी
चितवन
पर्सा
बारा
रौतहट
सर्लाही
महोत्तरी
धनुषा
सप्तरी
सिरहा
सुनसरी
मोरङ्ग
झापा

**समूह ६. पश्चिमीपहाडी तथा हिमाली जिल्लाहरु**
गोरखा
लम्जुङ्ग
तनहुँ
अर्घाखाँची
गुल्मी
पाल्पा
स्याङ्जा
पर्वत
बाग्लुङ
म्याग्दी
मुस्ताङ
मनाङ्ग
कास्की

**समूह ७. मध्यपहाडी तथा हिमाली जिल्लाहरु**
सिन्धुली
रामेछाप
दोलखा
सिन्धुपाल्चोक
काभ्रेपलाञ्चोक
नुवाकोट
रसुवा
मकवानपुर
धादिङ्ग

**समूह ८. पुर्वीपहाडी तथा हिमाली जिल्लाहरु**
ताप्लेजुङ
पाँचथर
संखुवासभा
इलाम
ओखलढुङ्गा
खोटाङ्ग
धनकुटा
उदयपुर
सोलुखुम्बु
भोजपुर
तेह्रथुम

नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली
Nepal Khadhya Surakshya Anugaman Pranali (NeKSAP)
Nepal Food Security Monitoring System

WFP World Food Programme wfp.org


**थप जानकारीका लागि सम्पर्कः NeKSAP website:** www.neksap.org.np **NeKSAP email:** info@neksap.org.np

| | | |
|---|---|---|
| खाद्य सुरक्षा अनुगमन इकाई<br>कृषि विकास मन्त्रालय<br>सिंहदरबार, काठमाडौं<br>www.moad.gov.np | राष्ट्रिय पोषण तथा खाद्य सुरक्षा सचिवालय<br>राष्ट्रिय योजना आयोग<br>सिंहदरबार, काठमाडौं<br>www.npc.gov.np/new/eng/index.php | खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण इकाई<br>संयुक्त राष्ट्र संघ विश्व खाद्य कार्यक्रम<br>पो. ब. नं. १०७, चाकुपाट, पाटनढोका, ललितपुर<br>www.wfp.org/countries/nepal |



UKaid from the British people

**यो प्रकाशन UK सरकारको सहयोगमा तयार पारिएको हो । यस बुलेटिनमा प्रकाशित विचारहरुले UK सरकारको विचारहरुलाई प्रतिबिम्बित गर्दछ भन्ने कुनै जरुरी छैन ।**